कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, जाजरकोट

प.सं.: २०८१/०८२

मितिः २०८२/०१/१५

**विषय : बर्षे फलफूलका बिरुवा मागका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना।**

**सूचना नं: ३७**

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक **"बर्षे फलफूलको बगैचा स्थापना"** कार्यक्रम अनुसार मागमा आधारित बर्षे फलफूलका बिरुवाहरु परलमुल्यको ब्यावसायिक कृषक र कृषि फर्मको हकमा ५० प्रतिशत तथा कृषक समूह र कृषि सहकारीको हकमा ७० प्रतिशत अनुदानमा वितरण गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक ब्यावसायिक कृषक, कृषि फर्म, समूह र सहकारीहरुले आफुलाई आवश्यक पर्ने बिरुवा माग गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन (मिति २०८२/०२/१३ गते वा त्यस दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन) भित्र यस कार्यालयमा तपसिल अनुसारका कागजातहरु संलग्न राखि निवेदन दिन हुन अनुरोध गरिन्छ।
यस सम्बन्धि थप जानकारीका लागि कार्यालयको **website : adojajarkot.gov.np** मा हेर्न सकिने र कार्यालयको फोन नं **०८९-४३०१२५** मा सम्पर्क गर्न सकिने ब्यहोरा अनुरोध छ।

**आवश्यक कागजात:**

१. निवेदन
२. कृषक समूह, सहकारी, फर्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि १ थान।
३. बिरुवा माग गर्दा बिरुवाको परलमूल्यको ब्यावसायिक कृषक र कृषि फर्मले ५० प्रतिशत तथा कृषि समूह र कृषि सहकारीले ३० प्रतिशत रकम कार्यालयमा निवेदन पेश गर्दा बखत अग्रिम जम्मा गर्नु पर्ने छ।
४. नागरिकता र जग्गाधनि पुर्जाको प्रतिलिपि।
५. कृषि समूह र कृषि सहकारीको हकमा निर्णयको प्रतिलिपि।

नारायण सापकोटा
नि. कार्यालय प्रमुख



Scanned with CamScanner